सबै ठाउँमा समान हुन्छन्, त्यस्तै राजराजेश्वर परमात्माको वेदोक्त नीति आ–आफ्ना सृष्टिरूपी सबै राज्यमा एकनास छ।

**प्रश्न**—यी जीव र प्रकृतिका तत्त्वहरू अनादि हुन् र ईश्वरले बनाएका होइनन् भने यी सबै स्वतन्त्र हुनाले ईश्वरको अधिकार पनि यी माथि नहुनु पर्नेहो ?

**उत्तर**—जसरी राजा र प्रजा एउटै समयमा हुन्छन् र सबै प्रजा राजाका अधीन हुन्छन् त्यस्तै सबै जीव र जड पदार्थ परमेश्वरको अधीन छन्। परमेश्वर सबै सृष्टि बनाउने, जीवका कर्मको फल दिने, यथावत् सबैको रक्षक र अनन्त सामर्थ्यवान् छ भने थोरै सामर्थ्य भएका जीव र जड पदार्थ उसका अधीन किन नहुने ? यसकारण जीव कर्म गर्न स्वतन्त्र तर कर्मका फल भोग्नमा ईश्वर व्यवस्थाले परतन्त्र छन्। त्यस्तै सर्वशक्तिमान् परमेश्वर सबै विश्व सृष्टि, संहार र पालन गर्दछ।

यसपछि विद्या, अविद्या, वन्ध र मोक्ष विषयमा लेखिने छ। यो आठौं समुल्लास पूर्णभयो।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामीकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते सृष्टयुत्पत्तिस्थितिप्रलयविषये अष्टमः समुल्लासः सम्पूर्ण॥ ८ ॥**



# अथ नवम–समुल्लासः

## अथ विद्याऽविद्यावन्धमोक्षविषयान् व्याख्यास्यामः

**विद्यां चाऽविद्यां च यस्तद्वेदोभयंꣳ सह।**
**अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते॥**

—यजुर्वेद ४०।१४

विद्या र अविद्याका स्वरूपलाई सँगसँगै जान्ने मानिसले अविद्या अर्थात् कर्मोपासनाबाट मृत्युलाई पार गरेर विद्या अर्थात् यथार्थ ज्ञानबाट मोक्ष प्राप्त गर्दछ। **अविद्याका लक्षण**—

**अनित्याशुचिदुःखानात्मसु नित्वशुचिसुखात्मख्यातिरविद्या॥**

—यो योगसूत्रको (२।५) वचन हो।

अनित्य संसार र शरीर आदिमा नित्य मान्नु अर्थात् देखिने सुनिने कार्यजगत्लाई सदा देखिरहेको, सधैं रहने र योगबालद्वारा यही देवहरूको शरीर सदा रहन्छ, यस्तो विपरीत बुद्धि हुनु अविद्याको पहिलो भाग हो। अशुचि अर्थात् खलयुक्त स्त्रीको शरीर आदि र झूठ बोल्नु चोरी गर्नु आदि अपवित्रमा पवित्र बुद्धि हुनु दोस्रो भाग हो। धेरै विषय भोगमा लाग्नुरूपी दुःखमा सुख–बुद्धि हुनु तेस्रो र अनात्मामा आत्माबुद्धि गर्नु अविद्याको चौथो भाग हो। यसरी चार प्रकारले विपरीत ज्ञानलाई '**अविद्या**' भनिन्छ। यसको उल्टो अर्थात् अनित्यमा अनित्य, नित्यमा नित्य, अपवित्रमा अपवित्र, पवित्रमा पवित्र, दुःखमा दुःख, सुखमा सुख, अनात्मामा अनात्मा र आत्मामा आत्माको ज्ञान हुनु '**विद्या**' हो। अर्थात् **वेत्ति यथावत् तत्त्वपदार्थस्वरूपं यया सा विद्या**'। '**यया तत्त्वस्वरूपं न जानाति भ्रमादन्यस्मिन्नन्यन्निश्चिनोति साऽविद्या**' जसबाट पदार्थहरूका यथार्थस्वरूप बोध हुन्छ, त्यो विद्या र जसबाट तत्वस्वरूप जानिदैन, एउटा पदार्थमा अर्कै ज्ञान हुन्छ त्यो अविद्या भनिन्छ। अर्थात् कर्म र उपासनाको नाम अविद्या हो, किनकि यो ब्रह्म र अन्तरक्रियाविशेषको नाम हो, ज्ञानविशेषको होइन। यसै मन्त्रमा 'शुद्ध कर्म र परमेश्वरको उपासना नगरी कोहीपनि मृत्यु दुःखबाट पार हुँदैन' भनिएको छ। अर्थात् पवित्र कर्म, पवित्र उपासना र पवित्र



PDFill PDF Editor with Free Writer and Tools

ज्ञानबाट नै मुक्ति र अपवित्र झूठो बोल्नु आदि कर्म, ढुङ्गाका मूर्ति आदिको उपासना र मिथ्या ज्ञानबाट 'बन्ध' हुन्छ। कुनैपनि मानिस क्षण मात्र पनि कर्म, उपासना र ज्ञानदेखि रहित हुँदैन। यसकारण धर्मयुक्त सत्यबोल्नु आदि कर्म गर्नु र झूठ बोल्नु आदि अधर्मलाई छोड्नु नै मुक्तिको साधान हो।

**प्रश्न**—कसलाई मुक्ति प्राप्त हुँदैन?

**उत्तर**—बद्धलाई।

**प्रश्न**—कस्तालाई बद्ध भनिन्छ?

**उत्तर**—अधर्म अज्ञानमा फँसेको जीवलाई बद्ध भनिन्छ।

**प्रश्न**—बन्ध र मोक्ष स्वभावले हुन्छ वा कुनै निमित्तले?

**उत्तर**—निमित्तले हुन्छ। किनकि स्वभावले हुने भएको भए बन्ध र मोक्षको निवृत्ति कहिल्यै हुनेथिएन

**प्रश्न**— **न निरोधो न चोत्पत्तिर्न बद्धो न च साधकोः।**
**न मुक्षुर्न वै मुक्तिरित्येषा परमार्थकता॥**

यो श्लोक माण्डूक्योपनिषद्माथि गौडपाद कारिकाको (२।३२) हो। जीव ब्रह्म हुनाले वस्तुतः जीवको निरोध हुँदैन अर्थात् न त कहिल्यै आवरणमा आयो, न जन्म लिन्छ, न बद्ध छ, न साधक हो अर्थात् केही साधना गर्दैन, न छुट्ने इच्छा गर्दछ र कहिल्यै यसको मुक्ति पनि हुँदैन, किनभने वास्तवमा बन्ध नै कसैको भएको छैन भने मुक्ति कसको हुने?

**उत्तर**—नवीन वेदान्तीहरूको यो कथन सत्य होइन, किनकि जीवको स्वरूप अल्प हुनाले ऊ आवरणमा आउँछ, शरीरसँग प्रकट हुनुरूपी जन्म लिन्छ, पापरूप कर्म फल=भोगरूप बन्धनमा फस्दछ, त्यस बन्धनलाई छुटाउने प्रयत्न गर्दछ, दुःखबाट छुट्ने इच्छा गर्दछ र दुःखहरूबाट छुटेर परमानन्द परमेश्वरलाई प्राप्त गरेर मुक्ति सुख पनि भोग्दछ।

**प्रश्न**—यी सबै शरीर र अन्तःकरणका धर्म हुन्, जीवका होइनन्। किनकि जीव त पापपुण्यरहित साक्षीमात्र हो। जाडो, गर्मी आदि शरीर आदिका धर्म हुन्, आत्मा त निर्लेप छ।

**उत्तर**—शरीर र अन्तःकरण जड हुन्। तिनलाई जाडो, गर्मी हुँदैन। त्यस शरीरसँग संयुक्त हुने चेतन मनुष्य आदि प्राणीलाई नै जाडो–गर्मी भान र भोग हुन्छ। त्यस्तै प्राण पनि जड हुनाले त्यसलाई भोक–तिर्खा आदि हुँदैन, तर प्राणवान् जीवलाई भोक प्यास आदि लाग्छ। त्यस्तै



मन पनि जड हुनाले उसलाई हर्ष–शोक हुनसक्तैन, तर जीव मनबाट हर्ष–शोक, दुःख–सुखको भोग गर्दछ। जसरी बहिष्कारण अर्थात् कान आदि इन्द्रियहरूबाट असल–खराब शब्द आदि विषयलाई ग्रहण गरेर जीव सुखी–दुःखी हुन्छ त्यस्तै अन्तःकरण अर्थात् मन–बुद्धि–चित्त–अहंकारबाट संकल्प, विकल्प, निश्चय, स्मरण र अभिमान गर्ने जीव दण्ड र मानको भागी हुन्छ।

जसरी तरवारले मार्ने व्यक्तिदण्डनीय हुन्छ, तरवार दण्डनीय हुँदैन, त्यस्तै शरीर, इन्द्रिय, अन्तःकरण र प्राणरूप साधानहरूद्वारा असल खराब कर्म गर्ने जीव सुख–दुःख भोग्दछ। जीव कर्मको साक्षी होइन, कर्ता–भोक्ता हो। कर्महरूको साक्षी त एउटै अद्वितीय परमात्मा हो। कर्म गर्ने जीव नै कर्ममा लिप्त हुन्छ, साक्षी ईश्वर लिप्त हुँदैन।

**प्रश्न**—जीव ब्रह्मको प्रतिबिम्ब हो। जसरी ऐना टुट्–फुट् हुदा बिम्बको केही हानि हुँदैन, त्यस्तै अन्तःकरणमा ब्रह्म प्रतिबिम्ब जीव तब सम्म रहन्छ जबसम्म ऊ अन्तःकरणको पछि छ। अन्तःकरण नष्ट भएपछि जीव मुक्त हुन्छ।

**उत्तर**—यो बालकपनको कुरा हो। किनकि प्रतिबिम्ब साकारको साकारमा हुन्छ। जस्तै मुख र ऐना दुबै आकारयुक्त हुन् र छुट्टै पनि हुन्। छुट्टै नभए पनि प्रतिबिम्ब हुनसक्तैन। ब्रह्म निराकार, सर्वव्यापक हुनाले उसको प्रतिबिम्ब हुनसक्तैन।

**प्रश्न**—हेर, गहिरो सफा पानीमा निराकार र व्यापक आकाशको आभास हुन्छ। यस्तै स्वच्छ अन्तःकरणमा परमात्मा आभास हुन्छ। यसलाई चिदाभास भनिन्छ।

**उत्तर**—यो बालबुद्धिको मिथ्या प्रलाप हो। किनकि आकाश दृश्य होइन भने त्यसलाई आँखाले कसैले पनि कसरी देख्नसक्तछ?

**प्रश्न**—मास्तिर नीलो धमिलो–धमिलो देखिन्छ, त्यो नीलो आकाश हो कि होइन?

**उत्तर**—होइन।

**प्रश्न**—त्यसो भए त्यो के हो?

**उत्तर**—छुट्टा–छुट्टै पृथ्वी, जल र अग्निका त्रसरेणु देखिन्छन्। त्यसमा देखिने नीलोपन भने बढी पानी हुनाले हो, वर्षामा पर्ने पानीको नीलोपनि हो। धमिलोपन भने पृथ्वीबाट उडेर वायुमा घुम्ने धूलोका कण हुन्। तिनैको प्रतिबिम्ब पानी वा ऐनामा देखिन्छ, आकाशको प्रतिबिम्ब कहिल्यै देखिन्न।



PDFill PDF Editor with Free Writer and Tools

**प्रश्न**—जसरी व्यवहारमा घटाकाश, मठाकाश, मेघाकाश र महदाकाशका भेद हुन्छन् त्यस्तै ब्रह्माण्ड र अन्त:करण उपाधिका भेदले ब्रह्मको नाम ईश्वर र जीव हुन्छ। घट आदि नष्ट भए पछि महाकाश नै रहे जस्तै अन्त:करण नष्ट भएपछि ब्रह्म नै रहन्छ।

**उत्तर**—यी पनि अविद्वान्हरूका कुरा हुन्। किनकि आकाश कहिल्यै छिन्न–भिन्न हुँदैन। व्यवहारमा पनि 'घैंटो ल्याऊ' आदि व्यवहार हुन्छ, 'घैंटोको आकाश ल्याऊ' कसैले भन्दैन। यसकारण यो कुरा ठीक होइन।

**प्रश्न**—जसरी समुद्रमा माछा, कीरा आदि र आकाशमा चरा आदि घुम्दछन् त्यस्तै चिदाकाश ब्रह्ममा सबै अन्त:करण घुम्दछन्। ती आफैं त जड हुन् तर सर्वव्यापक परमात्माका सत्ताबाट आगोबाट फलाम तातो भए जस्तै चेतन भईरहेकाछन्। जसरी ती चल्छन् फिर्छन् र आकाश तथा ब्रह्म निश्चल छ, त्यस्तै जीवलाई ब्रह्म मान्न कुनै दोष आउँदैन।

**उत्तर**—तिम्रो यो दृष्टात पनि सत्य होइन। किनकि अन्त:करणमा प्रकाशमान भएर जीव हुने सर्वव्यापी ब्रह्ममा सर्वज्ञ आदि गुण हुन्छन् वा हुँदैनन्? आवरण हुनाले सर्वज्ञाता हुँदैन भन्छौं भने ब्रह्म आवृत्त र खण्डित छ वा अखण्डित? अखण्डित छ भन्छौं भने बीचमा कसैले पनि आवरण वा पर्दा हाल्नसक्तैन। पर्दा नभएपछि सर्वज्ञता किन नहुने? आफ्नो स्वरूपलाई बिर्सेर अन्त:करणसित हिंडेजस्तो गर्दछ, आफ्नो स्वरूपबाट होइन भन्छौ भने ऊ आफू न हिंड्ने हुँदा जति जति अगिल्ला ठाउँलाई अन्त:करणले छोड्दै र पर–पर जहाँ जहाँ सर्दै जान्छ त्यहाँ त्यहाँको ब्रह्म अज्ञानी भ्रान्त हुन्छ। जुन ठाउँबाट अन्त:करण हट्तै जान्छ। त्यहाँ त्यहाँको ब्रह्म ज्ञानी, पवित्र र मुक्त हुँदै जान्छ। यसैगरी सर्वत्र सृष्टिको ब्रह्मलाई अन्त:करणले बिगारिरहनेछ र बन्धन–मोक्ष पनि क्षण क्षणमा भईरहने छ। तिमीले भने अनुसार त्यस्तो हुने भए जीवलाई अघि देखे–सुनेका कुरा याद रहनेथिएनन्, किनकि जुन ब्रह्मले देखेको थियो त्यो रहँदैन। यसकारण ब्रह्म जीव र जीव ब्रह्म कहिल्यै एउटै हुनसक्तैनन् सधैं छुट्टा छुट्टै छन् र रहनेछन्।

**प्रश्न**—यो सबै अध्यारोप मात्र हो अर्थात् एउटा वस्तुमा अर्कै वस्तुलाई स्थापित गर्नु वा एउटा वस्तुलाई अर्कै वस्तु भन्नु अध्यारोप भनिन्छ। यस्तै ब्रह्म वस्तुमा सब जगत् र यसका व्यवहारको अध्यारोप गर्नाले जिज्ञासुलाई बोध गराइन्छ। वास्तवमा सबै ब्रह्मनै हो।

**सिद्धान्तपक्षको प्रश्न**—अध्यारोप गर्ने को हो?



**प्रतिपक्षको उत्तर**—जीव।

**प्रश्न**—जीव कसलाई भन्दछौ?

**उत्तर**—अन्त:करणावच्छिन्न चेतनलाई जीव भनिन्छ।

**प्रश्न**—अन्त:करणावच्छिन्न चेतन अर्कै हो अथवा त्यही ब्रह्म हो?

**उत्तर**—त्यही ब्रह्म हो।

**प्रश्न**—त्यसो भए के ब्रह्मले नै आफूभित्र जगत्को झूठो कल्पना गरेको हो।

**उत्तर**—हो, यसबाट ब्रह्मको के हानि हुन्छ र?

**प्रश्न**—मिथ्याकल्पना गर्ने झूठो हुँदैन र?

**उत्तर**—हुँदैन। किनकि मन, वाणीद्वारा कल्पित ना कथित सबै झूठो हो।

**प्रश्न**—त्यसो भए मन, वाणीद्वारा झूठो कल्पना गर्ने मिथ्या र बोल्ने ब्रह्म कल्पित र मिथ्यावादी भयो कि भएन?

**उत्तर**—हो, हामीलाई इष्टापत्ति छ।

अरे झूठा वेदान्तीहरू हो! तिमीहरूले सत्यस्वरूप, सत्यकाम, सत्यसङ्कल्प परमात्मालाई मिथ्याचारी बनाइदियौ। के यो तिमीहरूको दुर्गतिको कारण होइन र? कुन उपनिषद्, सूत्र वा वेदमा परमेश्वर मिथ्या–सङ्कल्प र मिथ्यावादी हो भनेर लेखिएको छ? किनकि कुनै चोरले थानेदारलाई दण्ड दिएर 'जो चोर उसैको ठूलो स्वर' भन्ने उक्ति जस्तै यो तिम्रो कुरा भयो। प्रहरीले चोरलाई दण्ड दिने कुरा त उचितै हो तर चोरले प्रहरीलाई दण्ड दिने कुरा उल्टो हो। त्यस्तै तिमी मिथ्यासङ्कल्प र मिथ्यावादी भएर आफ्नो त्यही दोष ब्रह्ममाथि व्यर्थै लगाउँदैछौ।

ब्रह्म मिथ्याज्ञानी, मिथ्यावादी, मिथ्याकारी भए सबै अनन्त ब्रह्म नै त्यस्तै भैजानेछ, किनकि ऊ एक रस, सत्यस्वरूप, सत्यमानी, सत्यवादी र सत्यकारी छ। यी सबै दोष तिम्रा हुन्, ब्रह्मका होइनन्। जसलाई तिमी विद्या भन्दैछौ त्यो अविद्या हो र तिम्रो अध्यारोप पनि मिथ्या हो। किनकि आफू ब्रह्म नभएर पनि आफैंलाई ब्रह्म र ब्रह्मलाई जीव मान्नु मिथ्याज्ञान नभएर के हो त? जो सर्वव्यापक छ त्यो परिच्छिन्न, अज्ञान र बन्धनमा कहिल्यै पर्दैन किनकि अज्ञान, परिच्छिन्न, एकदेशी, अल्प, अल्पज्ञ आदि गुण जीवमा हुन्छ सर्वव्यापी ब्रह्ममा हुँदैन।

**अब मुक्ति—बन्धनको वर्णन गरिन्छ।**

**प्रश्न**—मुक्ति केलाई भनिन्छ?

**उत्तर**—'**मुञ्चन्ति पृथग्भवन्ति जना यस्यां सा मुक्ति:**' छुट्टिनु नै



PDFill PDF Editor with Free Writer and Tools

मुक्ति हो।

**प्रश्न**—कसबाट छुट्टिने ?

**उत्तर**—जसबाट छुट्टने इच्छा सबै जीव गर्दछन्।

**प्रश्न**—कसबाट छुट्टिने इच्छा गर्दछन् ?

**उत्तर**—जसबाट छुट्टिन चाहन्छन्।

**प्रश्न**—कसबाट छुट्टिन चाहन्छन् ? **उत्तर**—दु:खबाट।

**प्रश्न**—छुटेर के प्राप्त गर्छन् र कहाँ बस्तछन् ?

**उत्तर**—सुख प्राप्त गर्दछन् र ब्रह्ममा रहन्छन्।

**प्रश्न**—मुक्ति र बन्ध कुन कुन कुराले हुन्छ ?

**उत्तर**—परमेश्वरका आज्ञापालन गर्नु, अधर्म, अविद्या, कुसङ्ग, कुसंस्कार, दुर्व्यसनहरू देखि टाढै बस्नाने र सत्यभाषण, परोपकार, विद्या, पक्षपात रहित न्याय, धर्म वृद्धि गर्नु, अघि भनिए जस्तै परमेश्वरको स्तुति, प्रार्थना र उपासना अर्थात् योगाभ्यास गर्नु, विद्या पढ्ने पढाउने र धर्म पूर्वक पुरुषार्थ गरेर ज्ञान उन्नति गर्नु सर्वोत्तम साधन जुटाउनु र जे जति गरिन्छ त्यो सबै पक्षपात रहित न्याय धर्मानुसार नै गर्नु आदि साधानबाट मुक्ति र यसको उल्टो ईश्वर आज्ञाको उल्लंघन आदि काम गर्नाले बन्ध हुन्छ।

**प्रश्न**—मुक्तिमा जीव लय हुन्छ वा विद्यमान रहन्छ ?

**उत्तर**—विद्यमान रहन्छ।

**प्रश्न**—कहाँ रहन्छ ?

**उत्तर**—ब्रह्ममा।

**प्रश्न**—ब्रह्म कहाँ छ र त्यो मुक्त जीव एकै ठाउँमा रहन्छ अथवा स्वेच्छचारी भएर सर्वत्र विचरण गर्दछ ?

**उत्तर**—सर्वत्र पूर्ण ब्रह्ममा नै मुक्त जीव अव्याहतगति=बेरोकटोक विज्ञान आनन्दपूर्वक स्वतन्त्र विचरण गर्दछ ?

**प्रश्न**—मुक्तजीव स्थूल शरीर रहन्छ वा रहँदैन ?

**उत्तर**—रहँदैन।

**प्रश्न**—त्यसोभए उसले सुख र आनन्द भोग कसरी गर्दछ ?

**उत्तर**—उसका सत्यसङ्कल्प आदि स्वाभाविक गुण सामर्थ्य सबै रहन्छन्, भौतिक सङ्गमात्र रहँदैन। जस्तै—

**श्रुण्वन् श्रोत्रं भवति, स्पर्शयन् त्वग्भवति, पश्यन् चक्षुर्भवति, रसयन् रसना भवति, जिघ्रन घ्राणं भवति, मन्वानो मनो भवति, बोधयन् बुद्धिर्भवति, चेतयंश्चित्तम्भवत्यहङ्कुर्वाणोऽहङ्कारो**



**भवति॥** —शतपथ कां० १४

मोक्षमा जीवात्मासंग भौतिक शरीर वा इन्द्रियगोलक हुँदैनन्, तर आफ्ना स्वाभाविक शुद्ध गुण भने रहन्छन्। जीवात्मा मोक्षमा आफ्नै शक्तिद्वारा सुन्न चाहेमा कान, छुन चाहेमा छाला, हेर्न चाहेमा सङ्कल्प–बाटै चक्षु, चाख्न जिब्रो, सुँध्न नाक, संकल्प–विकल्प गर्न मन र अहङ्कारकालागि अहङ्कारयुक्त हुन्छ र सङ्कल्पमात्र शरीर हुन्छ। जसरी जीव शरीरका आधारमा रहेर इन्द्रियगोलकद्वारा आफ्ना कार्य गर्दछ, त्यस्तै मुक्तिमा आफ्नो शक्तिद्वारा सबै आनन्द भोग्दछ।

**प्रश्न**—उसको शक्ति कति किसिमको र कति छ ?

**उत्तर**—मुख्य शक्ति त एकै किसिमको हुन्छ। तर जीवमा बल, पराक्रम, आकर्षण, प्रेरणा, गति, भय, विवेचन, क्रिया, उत्साह, स्मरण, निश्चय, इच्छा, प्रेम, द्वेष, संयोग, विभाग, संयोजन, विभाजक, श्रवण, स्पर्शन, दर्शन, स्वादन, गन्धग्रहण र ज्ञान, यी चौबीस किसिमका सामार्थ्य हुन्छन्।

मुक्तिमा जीव लय हुने भए मुक्ति सुख कसले भोग्ने ? अनि जीवको नाशलाई नै मुक्ति सम्झनेहरू त महामूर्ख हुन्, किनकि दु:खहरूदेखि छुटेर, आनन्दस्वरूप, सर्वव्यापक, अनन्त परमेश्वर आनन्दपूर्वक रहनुनै जीवको मुक्ति हो। हेर, वेदान्तको शारीरक सूत्रहरूमा

**अभावं वादरिराह ह्यवम्॥** —वेदान्तदर्शन ४।४।१०

व्यासजीका पिता वादरि=पराशरजी मुक्तिमा जीवको र ऊसँगै मनको भाव मान्दछन् अर्थात्पराशरजी मुक्तिमा जीव र मनको लय मान्दैनन्। त्यस्तै—

**भावं जैमिनिर्विकल्पामननात्॥** —वेदान्तदर्शन ४।४।११

जैमिनि आचार्य मुक्त व्यक्तिको मनजस्तै सूक्ष्म शरीर, इन्द्रियहरू, प्राण आदिलाई पनि विद्यमान मान्दछन्, उनी यिनको अभाव मान्दैनन्।

**द्वादशावहवदुभयविधं वादरायणोऽतः॥**

—वेदान्तदर्शन ४।४।१२

व्यासमुनि मुक्तिमा भाव र अभाव दुबैलाई मान्दछन् अर्थात् मुक्तिमा जीव शुद्धसामर्थ्य युक्त रहिनैरहन्छ भने मुक्त जीवमा अपवित्रता, पापाचरण, दु:ख, अज्ञान आदि अभाव हुन्छ भन्ने मान्दछन्।

**यदा पञ्चावतिष्ठिन्ते ज्ञानानि मनता सह।**
**बुद्धिश्च न विचेश्टते तामाहु: परमां गतिम्॥**

—कठोपनिषद् २।३।१०



PDFill PDF Editor with Free Writer and Tools

यो उपनिषद्को वचन हो। जब शुद्धमनयुक्त पाँच ज्ञानेन्द्रिय जीवसँगै रहन्छन् र बुद्धि निश्चय स्थिर हुन्छ भने त्यसलाई परमगति अर्थात् **'मोक्ष'** भनिन्छ।

**य आत्मा अपहतपाप्मा विजरो विमृत्युर्विशोकोऽविजिघत्सोऽ-पिपासः सत्यकामः सत्यसङ्कल्पः सोऽन्वेष्टव्यः स विजिज्ञासितव्यः सर्वांश्च लोकानाप्नोति सर्वांश्च कामान् यस्तमात्मानमनुविद्य विजावातीति॥** —छान्दोग्य उपनिषद् ८।७।१

**स वा एष एतेन दैवेन चक्षुषा मनसैतान् कमान् पश्यन् रमते॥**

**य एते ब्रह्मलोके तं वा एतं देवा आत्मानमुपासते तस्मात्तेषाꣳ सर्वे च लोका आत्ताः सर्वे च कामाः सर्वाꣳ श्च लोकानाप्नोति सर्वाꣳ श्च कामान् यस्तमात्मानमनुविद्य विजानातीति॥**

—छान्दोग्य उपनिषद् ८।१२।५, ६

**न मघवन्मर्त्यं वा इदꣳ शरीरमात्तं मृत्युना तदस्याऽमृतस्याऽ-शरीरस्यात्मनोऽधिष्ठानमात्तो वै सशरीरः प्रियाप्रियाभ्यां न वै सशरीरस्य सतः प्रियाप्रिययोर पहतिरस्त्यशरीरं वाव सन्तं न प्रियाप्रिये स्पृशतः॥** —छान्दोग्य उपनिषद् ८।१२।१

अपहतपाप्मा, सबै पाप, बुढापा, मृत्यु, शोक, भोक, तिर्खादेखि रहित, सत्यकाम, सत्यसङ्कल्प परमात्माकै खोज र त्यसैलाई जान्ने इच्छा गर्नुपर्दछ। जुन परमात्माका सम्बन्धले मुक्तजीव सबै लोक र सबै कामलाइ प्राप्त गर्दछ। त्यस परमात्मालाई जानेर मोक्षको साधन र आफूलाई शुद्ध पार्नजान्ने मुक्ति प्राप्त भएको जीव शुद्ध दिव्य नेत्र र शुद्धमनबाट कामहरूलाई देख्तै र प्राप्त हुँदै रमण गर्दछ।

मुक्ति प्राप्त गर्ने विद्वानहरू ब्रह्मलोक अर्थात् दर्शनीय परमात्मामा स्थिर भएर मोक्षसुख भोग्दछन्, र सबैको अन्तर्यामी आत्मायसै परमात्माको उपासना गर्दछन्। त्यसबाट तिनलाई सबैलोक र सबै काम प्राप्त हुन्छन् अर्थात् जुन-जुन सङ्कल्प गर्दछन् त्यही-त्यही लोक र त्यही-त्यही काम प्राप्त हुन्छ र ती मुक्तजीव स्थूल शरीरलाई जीव सांसारिक दुःखदेखि रहित हुनसक्तैनन्।

जसरी प्रजापतिले इन्द्रसँग भनेको छ—हे परमपूज्य धनवान् पुरुष! यो स्थूल शरीर मरणधर्मा हो र सिंहको मुखमा बाख्रो भए जस्तै यो शरीर मृत्युको मुखमा छ यो शरीर मरण र शरीररहित जीवात्माको निवास स्थान हो। यसैकारण यो जीव सधैं सुख र दुःखग्रस्त रहन्छ, किनकि शरीर सहित जीवको सांसारिक प्रसन्नता निवृत्त भई नै रहन्छ



भने ब्रह्ममा रहने शरीर रहित मुक्त जीवात्मालाई सांसारिक सुख दुःख स्पर्श पनि हुँदैन र सदा आनन्दमा रहन्छ।

**प्रश्न**—जीवले मुक्तिलाई प्राप्त गरेर कुनै वेला फेरि ती जन्म-मरणरूप दुःखमा आउँछन् वा आउँदैन्? किनकि—

**न च पुनरावर्त्त ने न च पुनरावर्त्तत इति॥**

—उपनिषद् वचनम् (छां० उ० ८।१५।१)

**अनावृत्तिः शब्दादनावृत्तिः शब्दात्॥**

—शारीरकसूत्र (वेदान्त दर्शन ४।४।२२)

**यद् गत्वा न निवर्तन्ते तद्धाम परमं मम॥**

—भगवद्गीता १५।६

इत्यादि वाक्यहरूबाट 'मुक्ति त्यही हो जहाँबाट फर्केर जीव संसारमा कहिल्यै आउँदैन' भन्ने बुझिन्छ।

**उत्तर**—वेदमा यो कुराको निषेध गरिएको हुनाले यो कुरा ठीक होइन—

**कस्य नूनं कतमस्यामृतानां मनामहे चारु देवस्य नाम।**
**को नो मह्या अदितये पुनर्दात् पितरं च दृशेयं मातरं च॥ १॥**
**अग्नेर्वयं प्रथमस्यामृतानां मनामहे चारु देवस्य नाम।**
**स नो मह्या अदितये पुनर्दात् पितरं च दृशेयं मातरं च॥ २॥**

—ऋग्वेद,मं० १। सू० २४। मं० १-२

**इदानीमिव सर्वत्र नात्यन्तोच्छेदः॥ ३॥** —सांख्यसूत्र १।१६०

**प्रश्न**—हामीहरू कसको नामलाई पवित्र सम्झौं? नाशरहित पदार्थहरूको मध्यमा विद्यमान, सदा प्रकाशस्वरूप देव को हो? हामीलाई मुक्ति सुख भोगाएर फेरि यस संसारमा जन्म दिने र आमा-बाबु दर्शन गराउने को हो?॥ १॥

**उत्तर**—हामीलाई मुक्तिमा आनन्द भोगाएर पृथ्वीमा पुनः जन्म दिएर आमा बाबुको सम्बन्ध र दर्शन गराउने यस स्वप्रकाशस्वरूप, अनादि, सदा मुक्त परमात्मा हो॥ २॥

जसरी यस समय जीवहरू बन्ध र मुक्त छन्, सर्वदा त्यस्तै सहन्छन्। बन्ध र मुक्ति पूरै विच्छेद कहिल्यै हुँदैन तथा बन्ध र मुक्ति सधैं रहँदैन॥ ३॥

**प्रश्न— तदत्यन्त विमोक्षोऽपवर्गः॥** —न्यायदर्शन १।१।२२

**दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानामुत्तरोत्तरापाये तदनन्तरापायादपवर्गः॥** —न्यायदर्शन १।१।२



PDFill PDF Editor with Free Writer and Tools

दुःखको अत्यन्त विच्छेदलाई नै मुक्ति भनिन्छ। मिथ्याज्ञान, अविद्या, लोभ आदि दोष, विषयभोग आदि दुष्ट व्यसनहरूमा प्रवृत्ति, जन्म र दुःख उत्तरोत्तर छुट्तैजानाले र अघिल्ला अघिल्ला हट्तैजानाले नै मोक्ष हुन्छ र यो सधैं रहिरहन्छ।

**उत्तर**—अत्यन्त शब्दको अर्थ अत्यन्ताभाव नै हुन्छ भन्ने होइन। जस्तै **'अत्यन्त दुःखमत्यन्तं सुखं चास्य वर्तते'** मानिसलाई धेरै दुःख वा धेरै सुख छ। यसबाट यसलाई धेरै दुःख वा धेरै सुख भएको कुरा बुझिन्छ। अत्यन्त शब्दको अर्थ यस प्रसङ्गमा पनि जस्तै हो भन्ने बुझ्नुर्दछ।

**प्रश्न**—जीव मुक्तिबाट फर्केर आउँछ भने ऊ मुक्ति भएर कति समयसम्म रहन्छ त?

**उत्तर—ते ब्रह्मलोके ह परान्तकाले परामृतात् परिमुच्यन्ति सर्वे ॥**

—यो मुण्डकोपनिषदको (३।२।६) वाक्य हो।

ती मुक्त जीव मुक्ति प्राप्त गरेर ब्रह्ममा तबसम्म आनन्द भोगेर महाकल्प पछि मुक्ति सुखलाई छोडेर फेरि संसारमा आउँछन्। यसको संख्या यो हो—त्रिचालीस लाख बीसहजार वर्षको एक चतुर्युगी, दुई हजार चतुर्युगीको एक अहोरात्र, यस्तै तीस अहोरात्रको एक महीना, यस्तै बाह्र महीनाको एक वर्ष र यस्तै एकसयवर्षको परान्तकाल हुन्छ। यसलाई गणितका तरीकाले राम्ररी बुझ्नुपर्दछ। मुक्तिमा सुख भोग्ने समय यति हो।

**प्रश्न**—सबै संसार र ग्रन्थकारहरूको मत 'जहाँबाट जीव पुनः जन्म मरणमा कहिल्यै आउँदैन, त्यही मुक्ति हो' भन्ने छ कि होइन?

**उत्तर**—यो कुरा कहिल्यै हुनसक्तैन। किनकि पहिलो कुरा त जीवको सामर्थ्य, शरीर आदि पदार्थ र साधन परिमित छन् भने त्यसको फल अनन्त कसरी हुनसक्तछ र? अनन्त आनन्द भेग्ने असीम सामर्थ्य कर्म र साधन जीवमा नहुनाले अनन्त सुख भोग्न सक्तैनन्। अनित्य साधनको फल नित्य कहिल्यै हुनसक्तैन। अर्को कुरा जीव मुक्तिबाट फर्केर यस संसारमा न आउने भए यस संसारको उच्छेद अर्थात् संसारबाट जीव समाप्त हुनुपर्दछ।

**प्रश्न**—जति जीव मुक्त हुन्छन् ईश्वर त्यति नै नयाँ जन्माएर संसारमा राखिदिन्छ। यसकारण जीव संसारबाट नीःशेष हुने छैनन्।

**उत्तर**—त्यसो भए जीव अनित्य हुनेछन्। किनकि उत्पन्न भएकाको नाश अवश्य हुन्छ। फेरि तिम्रो विचार अनुसार मुक्त पाएर पनि विनष्ट भएमा मुक्ति अनित्य हुनेछ र मुक्तिका स्थानमा ठूलो घुँइचो हुनेछ।



किनकि त्यहाँ आउने धेरै र जाने कोही पनि नहुँदै लाग्ने ओइरोको कुनै सीमा रहनेछैन।

अर्को कुरा, दुःखको अनुभव नभए केही पनि सुख हुनसक्तैन। जस्तै तीतो स्वाद नभए मीठो र मीठो नभए तीतोको केही महत्व हुँदैन। किनकि एउटा स्वाद अर्का विरुद्ध छ भने एउटैबाट दुबैको परीक्षा हुन्छ। जस्तै कसैले गुलियो-मीठो खाइरहन्छ भने त्यसलाई सबै किसिमको स्वाद लिनेलाई जति आनन्द हुँदैन।

अनि फेरि, ईश्वर अन्त हुने कर्मको अनन्त फल दिन्छ भने न्याय नष्ट हुन्छ। जसले जति भार उठाउनसक्तछ ऊमाथि त्यत्तिनै भार राख्नु बुद्धिमानी हुन्छ। जस्तै एक मन भार उठाउन सक्नेका काँधमा दश मन भार राखिदिएमा भार राख्ने व्यक्तिकै निन्दा हुन्छ, त्यस्तै अल्पज्ञ, अल्प सामर्थ्यवान् जीव माथि अनन्त सुखको भार राख्ने व्यक्तिकै निन्दै हुन्छ, त्यस्तै अल्पज्ञ, अल्प सामर्थ्यवान् जीव माथि अनन्त सुखको भार राख्नु ईश्वरका लागि उचित हुनेछैन। परमेश्वरले नयाँ जीव उत्पन्न गर्ने भए जुन कारणले उत्पन्न हुन्छन् त्यसमा भूल हुनेछ। किनकि जतिसुकै ठूलो ढुकुटी भए पनि त्यसबाट खर्चमात्र भैरहने र आम्दानी नहुने भए एक न एक दिन अवश्य रित्तिन्छ। यसकारण मुक्तिमा जाने र फेरि त्यहाँबाट फर्कने व्यवस्थानै राम्रो हो। अलिदिनको जेलभन्दा आजन्म कारावास वा फाँसीलाई कसैले ठीक मान्दछ र? मुक्तिबाट फर्कन नपर्ने भए त्यस मुक्ति र आजन्म कारावासमा यतिमात्र फरक रहने छ कि त्यहाँ परिश्रम गर्नुपर्दैन। अनि ब्रह्ममै लीन हुनु भनेको समुद्रमा डुबेर मर्नु नै हो।

**प्रश्न**—परमेश्वर नित्यमुक्त र पूर्ण सुखी छ, त्यस्तै जीव पनि नित्यमुक्त र सुखी भएमा कुनै दोष आउँदैन कि?

**उत्तर**—परमेश्वर अनन्त स्वरूप, सामर्थ्य, गुण, कर्म, स्वभावयुक्त हुनाले ऊ कहिल्यै अविद्या र दुःख बन्धनमा पर्नसक्तैन। जीव भने मुक्त भएर पनि शुद्ध स्वरूप, अल्पज्ञ र परिमित गुण, कर्म, स्वभावयुक्त रहन्छ, ऊ परमेश्वर जस्तो कहिल्यै हुँदैन।

**प्रश्न**—यसो हो भने मुक्ति पनि जन्म-मरण जस्तै हुनाले परिश्रम गर्नु व्यर्थै हुन्छ?

**उत्तर**—मुक्ति जन्म-मरण जस्तै होइन। किनभने छत्तीस हजार पटक उत्पत्ति र प्रलय हुने समय जति समय सम्म मुक्तिका आनन्दमा बस्नु र दुःख नहुनु के सानोतिनो कुरा? आज खाने-पिउने गरेर पनि



PDFill PDF Editor with Free Writer and Tools

भोली फेरि भोक लाग्ने छ भन्ने कुरा जानेर पनि खान–पानको व्यवस्था किन गरिन्छ? भोक–प्यास, धन–सम्पत्ति, राज्य–प्रतिष्ठा, स्त्री, सन्तान आदिका लागि प्रयत्न गर्न आवश्यक छ भने मुक्तिको प्रयत्न किन नगर्ने? जसरी मर्नु आवश्यक भए पनि बाँच्ने उपाय गरिन्छ, त्यस्तै मुक्तिबाट फर्केर जन्म–मरणमा पर्नु पर्ने भए पनि मुक्तिको उपाय गर्नु अत्यन्त आवश्यक छ।

**प्रश्न**—मुक्तिका साधन के के हुन्?

**उत्तर**—केही साधन त अघि बताइसकियो। तर विशेष उपाय यी हुन्–मुक्ति चाहनेले जीवनमुक्त हुनु अर्थात् दुःखरूप फल दिने मिथ्याभाषणादि पापकर्म छोडेर सुखरूप फल दिने सत्यभाषण आदि धर्माचरण अवश्य गर्नुपर्दछ। दुःख छुटाउन र सुख प्राप्त गर्न चाहनेले अधर्म त्यागेर धर्म अवश्य गर्नुपर्दछ। किनकि दुःखको मूलकारण पापाचरण र सुखको मूलकारण धर्माचरण हो।

सत्यपुरुषहरूका संगतबाट विवेक अर्थात् सत्य–असत्य, धर्म–अधर्म, कर्त्तव्य–अकर्त्तव्यको निश्चय गरेर तिनलाई छुट्टाछुट्टै जान्नुपर्दछ। र जीवले शरीर अर्थात् पञ्चकोशको विवेचन गर्नुपर्दछ—पहिलो–'**अन्नमय**'=छालादेखि हाडसम्मको पृथ्वीमय समुदाय, दोस्रो–'**प्राणयम**'='**प्राण**' अर्थात् भित्रबाट श्वास बाहिर जाने, '**अपान**' बाहिरबाट भित्र आउने '**समान**' नाभिमा रहेर शरीरमा सर्वत्र रस पुर्याउने, '**उदान**' कण्ठको अन्नपान तानिने र बलपराक्रम हुने र '**व्यान**' जीवद्वारा सबै शरीरमा चेष्टा आदि कर्म गरिने, तेस्रो—**मनोमय**=मनसँग अहङ्कार, वाक्, पाद, पाणि, पायु र उपस्थ, यी पाँच कर्मेन्द्रिय रहनु, चौथो–**विज्ञानमय**=जीवद्वारा बुद्धि, चित्तका साथै कान, छाला, आँखा, जिब्रो र नाकबाट ज्ञान आदि व्यवहार गर्नु र पाँचौं–**आनन्दमयकोश**=प्रीति, प्रसन्नता, थोर र धेर आनन्दको आधार कारणरूप प्रकृति, यी '**पाँचकोश**' भनिन्छन्। यिनैबाट जीव सबै किसिमका कर्म, उपासना र ज्ञान आदि व्यवहार गर्दछ।

पहिले—'**जागृत**', दोस्रो—'**स्वप्न**' र तेस्रो—'**सुषुप्ति**' यी तीन अवस्था हुन्छन्। पहिलो—यो देखिने '**स्थूलशरीर**' हो, दोस्रो पाँच प्राण, पाँच ज्ञानेन्द्रिय, पाँच सूक्ष्मभूत, मन र बुद्धि यी सत्र तत्त्वहरूको समुदाय '**सूक्ष्मशरीर**' भनिन्छ। यो सूक्ष्मशरीर जन्म–मरण आदिमा पनि जीवसँग रहन्छ। यसका दुई भेद छन् पहिलो=सुक्ष्मभूतका अंशबाट बनेको '**भौतिक**' र दोस्रो—जीवका स्वाभाविक गुणरूप '**स्वभाविक**'



PDFill PDF Editor with Free Writer and Tools

यो दोस्रो अभौतिकि शरीर मुक्तिमा पनि रहन्छ। यसैबाट जीव मुक्तिबाट सुख भोग्दछ। तेस्रो—'**कारण शरीर**' यसमा सुषुप्ति अर्थात् गहिरो निन्द्रा हुन्छ। त्यो प्रकृतिरूप हुनाले सर्वत्र विभु र सबै जीवको लागि एउटै छ। यी तीन प्रकारका शरीर हुन्छन्। चौथो—समाधिद्वारा जीव परमात्माका आनन्दस्वरूपमा मग्न हुने '**तुरीय शरीर**' भनिन्छ। यसै समाधि–संस्कारजन्य शुद्ध शरीरको पराक्रम मुक्तिमा पनि यथावत् सहायक रहन्छ।

जीव यी सबै कोश र अवस्था भन्दा भिन्नै छ। किनकि जीव अवस्थाहरूदेखि भिन्नै हो भन्ने कुरा सर्वविदितै छ। किनकि मृत्यु हुँदा पनि सबै '**जीव निस्कियो**' नै भन्दछन्। त्यही जीव सबैको प्रेरक, सबैलाई धारण गर्ने, साक्षी कर्त्ता, भोक्ता भनिन्छ। जीव कर्त्ता, भोक्ता होइन भन्ने व्यक्ति अज्ञानी, अविवेकी हो भन्ने बुझ्नुपर्दछ। किनकि यी सबै जडपदार्थलाई जीव पाप–पुण्य कर्त्ता र सुख–दुःख भोक्ता हो।

इन्द्रियहरू आ–आफ्ना विषयमा, मन इन्द्रियहरूमा र आत्मा मनसँग संयुक्त भएर प्राणलाई प्रेरित गरेर असल–खराब कर्ममा लगाउँदा जीव बहिर्मुखी हुन्छ। त्यसै समय भित्रबाट असल कर्म गर्न आनन्द, उत्साह, निर्भयता र खराब कर्ममा भय, शङ्का, लाज उत्पन्न हुन्छ, त्यो अन्तर्यामी परमात्माको शिक्षा हो। यस शिक्षा अनुकूल व्यवहार गर्नैले नै मुक्तिजन्य सुख प्राप्त गर्दछ र विपरीत व्यवहार गर्नेले भने बन्धजन्य दुःख भोग्दछ।

**पहिलो साधन**—पृथ्वी देखि परमेश्वरसम्म पदार्थहरूका गुण–कर्म–स्वभावलाई जानेर उसका आज्ञापालन र उपासनामा तत्पर हुनु, त्यसका विरुद्ध व्यवहार नगर्नु र सृष्टिबाट उपकार लिनुलाई '**विवेक**' भनिन्छ।

**दोस्रो साधन**—'**वैराग्य**' विवेक द्वारा जानिएको सत्य र असत्यमा सत्य आचरण ग्रहण र असत्य आचरण त्यग गर्नु '**वैराग्य**' हो।

त्यसपछि **तेस्रो साधन**—'**षट्कसम्पत्ति**' अर्थात् छह किसिमका कर्म गर्नु। पहिलो—'**शम**' आफ्नो आत्मा र अन्तःकरणलाई अधर्म आचरणबाट हटाएर सधैं धर्माचरणमा लगाइराख्नु, दोस्रो—'**दम**' कान आदि इन्द्रिय र शरीरलाई व्यभिचार आदि खराब कर्मबाट हटाएर जितेन्द्रियता आदि शुभ कर्ममा लगाइराख्नु, तेस्रो—'**उपरति**' खराब काम गर्ने व्यक्तिदेखि सधैं टाढै बस्नु, चौथो—'**तितिक्षा**' जतिसुकै निन्दा–स्तुति, हानि–लाभ आदि भए पनि हर्ष–शोक आदिलाई छोडेर सधैं मुक्तिका साधनहरूमा लगिरहनु, पाँचौं—'**श्रद्धा**' वेद आदि

सत्यशास्त्र र यिनका ज्ञाता पूर्ण आप्त विद्वान् सत्य उपदेश गर्ने महाशयहरूका वाणीमा विश्वास गर्नु र छैठौं—'**समाधान चित्त एकाग्रता**, यी छ कर्म मिलेर तेस्रो साधन हुन्छ।

**चौथो साधन**—'**मुमुक्षुत्व**' जसरी भोक–तिर्खाबाट त्रस्तलाई अन्नपानी बाहेक केही पनि रुच्दैन त्यस्तै मुक्तिका साधन र मुक्ति बाहेक कुनैमा प्रीति नहुनु, यी 'चार साधन' र साधन पछि गर्नुपर्ने कर्म='**चार अनुबन्ध**' यी हुनु—

**पहिलो**—'**अधिकारी**' यिनमा उक्त चार साधनयुक्त व्यक्तिनै मोक्षको 'अधिकारी' हुन्छ, **दोस्रो**—'**सम्बन्ध**' ब्रह्मको प्राप्तिरूप प्रतिपाद्य मुक्ति र प्रतिपादक वेदादि शास्त्रलाई यथावत् बुझेर अन्वित गर्नु, **तेस्रो**—'**विषयी**' सबै शास्त्र प्रतिपादक विषय ब्रह्म र उसको प्राप्तिरूप विषययुक्त पुरुषलाई 'विषयी' भनिन्छ र **चौथो**—'**प्रयोजन**' सबै दु:ख निवारण र परम आनन्द प्राप्त भएर मुक्तिसुख हुनु, यी '**चार अनुबन्ध**' भनिन्छ।

अब यसपछि '**श्रवणचतुष्टय**'। पहिलो—'**श्रवण**' कुनै विद्वान्ले उपदेश गर्दा शान्त भई ध्यान दिएर सुन्नु, खासगरी सबै विद्या अतिसूक्ष्म ब्रह्मविद्यालाई सुन्न धेरै ध्यान दिनुपर्दछ, सुनेपछि–दोस्रो—'**मनन**' सुनेका कुरा एकान्तरमा बसेर विचार गर्नु, शङ्का लागेका कुरा दोहोर्याएर सोध्नु तथा सुन्नेवेलामा पनि वक्ता र श्रोतालाई उचित लागेमा शङ्का र समाधान गर्नु, तेस्रो—'**निदिध्यासन**' श्रवण र मननद्वारा सन्देहरहित भएपछि समाधिस्त भएर ध्यानयोगद्वारा 'जुन कुरा जस्तो सुनेको बुझेको र विचारेको थियो, त्यो त्यस्तै हो वा होइन?' भन्ने कुरा खोज्नु र बुझ्नु तथा चौथो—'**साक्षात्कार**' पदार्थको स्वरूप, गुण र स्वभावलाई यथार्थरूपमा=जस्तो छ त्यस्तै जान्नुलाई '**श्रवण चतुष्टय**' भनिन्छ।

तमोगुण अर्थात् क्रोध, मलिनता आलस्य प्रमाद आदि रजोगुण अर्थात् ईर्ष्या, द्वेष, काम, अभिमान, विक्षेप आदि दोष देखि सधैं अलग रहेर सत्व अर्थात् शान्त प्रकृति , पवित्रता , विद्या, विचार आदि गुणहरू धारण गर्नुपर्दछ।( **मैत्री** ) सुखी, सद्गुणी व्यक्तिहरूसँग मित्रता, ( **करुणा** ) दु:खी व्यक्तिमाथि दया, ( **मुदिता** ) पुण्यात्माहरूदेखि हर्षित (उपेक्षा) दुष्टात्माहरूसँग न त प्रेम न वैर नै गर्नु, यी चारकुरा ध्यान राख्नुपर्दछ।

मुमुक्षु अर्थात् मुक्ति इच्छा गर्नेले भित्रका मन आदि पदार्थ साक्षात्कारका लागि नित्यप्रति दुई घण्टा सम्म ध्यान अवश्य गर्नुपर्दछ।



PDFill PDF Editor with Free Writer and Tools

हेर, आत्मा चेतनस्वरूप हुनाले नै ज्ञानस्वरूप र मनको साक्षी हो। किनकि मन शान्त, चञ्चल, आनन्दित वा विषादयुक्त हुँदा त्यसलाई यथावत् देखेजस्तै इन्द्रिय, प्राण आदि ज्ञाता, अघि देखेकाको स्मरण गर्ने र एउटा समयमा अनेक पदार्थलाई जान्ने, धारण, आकर्षण गर्ने र सबै भन्दा छुट्टै छ। छुट्टै नभएको भए स्वतन्त्ररूपमा कार्य गर्ने यिनका प्रेरक अधिष्ठाता कहिल्यै हुनसक्तैन।

**अविद्याऽस्मितारागद्वेषाभिनिवेशाः पञ्चक्लेशाः ॥**

—योगशास्त्र २।३

यिनमा '**अविद्या**' को स्वरूप भनिसकियो। आत्मादेखि भिन्नै रहेको बुद्धिलाई आत्माले नसम्झनु, '**अस्मिता**', सुखमा प्रीति राख्नु '**राग**', दु:खमा अप्रीति हुनु '**द्वेष**' र सबै प्राणिमात्रमा 'म सदा शरीरस्थ रहूँ, नमरूँ, यस्तो मृत्यु र दु:ख देखि त्रास हुनु '**अभिनिवेश**' भनिन्छ। यी पाँच क्लेश' लाई योगाभ्यास विज्ञानद्वारा छुटाएर ब्रह्म प्राप्त गरेर मुक्तिको परम आनन्द भोग्नुपर्दछ।

**प्रश्न**—तपाईले मानेजस्तो मुक्ति अरू कोही मान्दैन। जस्तै जैनीहरू–मोक्षशिला, शिवपुरमा गएर चुपचाप बस्नुलाई, ईसाई–विवाह लडाइ, गायन, वादन, वस्त्र आदि धारण द्वारा आनन्द भोगिने चौथो आकाश, त्यस्तै मुसलमान सातौं आकाश, वाममार्गी श्रीपुर, शैव कैलाश, वैष्णव वैकुण्ठ र गोकुलिया गोसाईंहरू गोलोक आदिमा गएर उत्तम स्त्री, अन्न, पान, वस्त्र, स्थान, यान आदि प्राप्त गरेर आनन्दमा बस्नुलाई मुक्ति मान्दछन्। पौराणिकहरू '**सालोक्य**' ईश्वरका लोकमा निवास, '**सानुज्य**' भाईजस्तै भएर ईश्वरसँग बस्नु, '**सारूप्य**' उपासनीय देवको आकृतिजस्तै बन्नु, '**सामीप्य**' सेवक जस्तै भएर ईश्वरसँग बस्नु, र '**सायुज्य**' ईश्वरसँग संयुक्त हुनु, यी चार किसिमका मुक्ति मान्दछन् भने वेदान्तीहरू ब्रह्ममा लय हुनुलाई मोक्ष सम्झन्छन्।

**उत्तर**—जैनी, ईसाई र मुसलमानको मुक्ति आदिवारे विशेषरूपमा क्रमशः बाह्रौं, तेह्रौं र चौधौं समुल्लासमा लेखिनेछ। वाममार्गीहरूको श्रीपुरमा गएर लक्ष्मी जस्तै स्त्रीहरू, मद्य–माँस आदि खान–पान, रागरङ्ग, भोग गरिन्छ भन्ने कुरा यसै लोकभन्दा केही विशेष भएन। त्यस्तै महादेव र विष्णुको जस्तै अनुहार भएका, पार्वती र लक्ष्मी जस्तै स्त्री प्राप्त गरेर आनन्द भोग्नु यहाँका धनाढ्य राजाहरू भन्दा बढी, त्यहाँ रोगी हुँदैनन् र सधैं युवावस्था रहन्छ, भन्ने मात्र हो। तर तिनीहरूको यो कुरा पूरै झुठो हो। किनभने भोग भएको ठाउँमा रोग र रोग भएको

ठाउँमा वृद्धावस्था अवश्य हुन्छ। अनि पौराणिकहरूको जस्तो चारकिसिमको मुक्ति त कीरा–फट्याङ्ग्रा, पुतली–पशु आदि सबैलाई स्वतः सिद्ध रूपमा प्राप्त छन्। किनकि यी सबै लोक ईश्वरकार यिनैमा सबै जीव बस्ने हुँदा '**सालोक्य**' मुक्ति आफैं नै प्राप्त छ। ईश्वर सर्वत्र व्याप्त हुनाले सबै उसका नजिक छन् अतः '**सामीप्य**' मुक्ति स्वतः सिद्ध भयो। जीव ईश्वर भन्दा सबै प्रकारले सानै भएको र चेतन हुनाले स्वतः बन्धुवत्=भाई सरह हो र यसबाट '**सानुज्य**' मुक्तिपनि प्रयत्न विनानै सिद्ध हुन्छ र सबै जीव सर्वव्यापक परमात्मामा व्याप्य हुनाले संयुक्त छन् अतः '**सायुज्य**' मुक्ति पनि स्वतः सिद्ध छ।

अनि साधारण नास्तिकहरूले माने जस्तै मरेपछि तत्त्वमा तत्व मिलेर हुने परममुक्ति त कुकुर, गधा आदि सबैलाई स्वतः प्राप्त छ। यी सबै वास्तवमा मुक्ति नभएर एक किसिमको बन्धन हो। किनकि यिनीहरू शिवपुर, मोक्षशिला चौथो आकाश, सातौं आकाश, श्रीपुर, कैलाश, बैकुण्ठ, गोलोकलाई एउटा ठाउँमा स्थानविशेष मान्दछन्। ती उक्त ठाउँहरूबाट छुटेदेखि उनीहरूको मुक्ति रहन्न। यसै कारण बाह्र ढुङ्गाभित्र दृष्टि पुगेर रोकिएजस्तै तिनीहरू बन्धननै पर्दछन्।

मुक्ति त स्वेच्छापूर्वक विचरण गर्नु, कतै अटक–भटक केही नहुनु, भय–शङ्का–दुःख नहुनु आदिलाई भनिन्छ। जन्मलाई उत्पत्ति र मृत्युलाई प्रलय भनिन्छ। यथासमय सबै जीव जन्म लिन्छन्।

**प्रश्न**—जन्म एउटा हुन्छ वा अनेक हुन्छन्?

**उत्तर**—अनेक।

**प्रश्न**—अनेक जन्म हुन्छन् भने पूर्व जन्म र मृत्युका कुराहरू स्मरण किन हुँदैन?

**उत्तर**—जीव त्रिकालदर्शी नभएर अल्पज्ञ हुनाले स्मरण रहँदैन। अर्को कुरा जुन मनबाट याद गर्दछ त्यो पनि एउटै समयमा दुईवटा ज्ञान गर्नसक्तैन। पूर्व जन्मका कुरा त टाढै रहून्, यसै शरीरमा जीव गर्भमा थियो, शरीर बन्यो, जन्मियो, त्यसको पनि पाँच वर्षभन्दा अघिका कुरा सम्झिराख्न किन सक्तैन? र जागृत वा स्वप्नमा धेरैजसो व्यवहार प्रत्यक्षरूपमा गरेर सुषुप्ति अर्थात् गहिरो निन्द्रमा सुतेपछि जागृत आदि व्यवहार स्मरण गर्न किन सक्तैन? अनि कसैले तिमीसँग 'बाह्रवर्ष पछि तेह्रौं वर्षका पाचौं महीना नवौं दिन दश बजेर एक मिनेटमा तिमीले के गरेका थियौ? तिम्रो मुख, हात, कान, आँखा, शरीर कतातर्फ कसरी थिए? र मनमा के विचार थियो?' भनी सोधे केही उत्तर दिन



सकिने छैन। यसै शरीरमा त यस्तो छ भने पूर्वजन्मका कुरा स्मरण हुनुपर्ने भनी शङ्का गर्नु बालकपनका कुरा मात्र हुन्। अर्को कुरा, स्मरण नहुनाले नै जीव सुखी छ। नत्रभने जन्म जन्मान्तरका सबै दुःखहरूलाई सम्झी–सम्झी दुःखी भएरै मर्ने थियो। जीवको ज्ञान र स्वरूप अल्प हुनाले कसैले पूर्वजन्म वा परजन्मका कुरा जान्न चाहेपनि जान्नसक्तैन। यो कुरा ईश्वरले जान्नयोग्य छ, जीवले जान्नयोग्य छैन।

**प्रश्न**—जीवलाई पूर्वजन्मका कुरा स्मरण रहँदैन भने ईश्वरले दिएका दण्डबाट जीवको सुधार हुन सक्तैन। किनकि उनीहरूलाई 'हामीले अमुक काम गरेका थियौ, त्यसैको यो फल हो, भन्ने ज्ञान भएमा मात्र ती पापकर्मबाट बच्नसक्तछन्।

**उत्तर**—तिमी ज्ञान कति किसिमको मान्दछौ?

**प्रश्न**—प्रत्यक्ष आदि प्रमाणबाट आठ किसिमको।

**उत्तर**—त्यसो भए तिमी संसारमा जन्मेदेखि लिएर समय समयमा राज, धन, बुद्धि,विद्या, दारिद्र्य, निर्बुद्धि, मूर्खता आदि सुख–दुःखलाई देखेर पूर्वजन्मको ज्ञान किन गर्दैनौ? जसरी एउटा अवैद्य र एउटा वैद्यलाई कुनै रोग भईदिए त्यसको निदान वा कारण वैद्य वा विद्वान्ले जान्दछ भने अवैद्य वा अविद्वान्ले जान्नसक्तैन, किनकि उसले वैद्यविद्या पढेको छ, अर्कोले छैन। तर जरो आदि रोग हुँदा अवैद्य पनि 'मबाट कुनै कुपथ्य भयो, त्यसै कारण मलाई यो रोग भयो' भन्ने कुरा त जान्नसक्तछ। त्यस्तै जगत्मा विचित्र सुख–दुःख आदि घटी–बढी देखेर पूर्वजन्मको अनुमान किन गर्दैनौ? अनि पूर्वजन्म नमानेमा परमेश्वर पक्षपाती हुन्छ, किनकि एउटालाई पाप विना दारिद्र्य, निर्बुद्धिता आदि दुःख र अर्कोलाई पूर्वसञ्चित पुण्य विना राज्य, धनाढ्यता आदि परमेश्वरले किन दिएको त? तथा पूर्वजन्मको पाप–पुण्य अनुसार दुःख–सुख दिनाले परमेश्वर यथावत् न्यायकारी हुन्छ।

**प्रश्न**—सर्वोपरि राजाले जे गर्दछ, त्यही न्याय हुने भए जस्तै एउटै जन्म हुँदै पनि परमेश्वर न्यायकारी हुनसक्तछ। जसरी बगैंचे आफ्नो बगैंचामा साना ठूला बोट–विरुवा लगाउँछ, कुनैलाई काट्छ, उखेल्छ भने कुनैलाई रक्षा गरेर बढाउँछ। जसले पनि आफ्नो वस्तुलाई आफूखुसी राख्तछ। परमेश्वर माथि पनि न्याय गर्ने र उसलाई दण्ड दिने नहुनाले र ईश्वरले कसैसँग डराउनुपर्ने नहुनाले ऊ जीवलाई आफूखुसी चलाउनसक्तछ।

**उत्तर**—परमेश्वर सदा न्याय चाहने, गर्ने र अन्याय कहिल्यै नगर्ने



PDFill PDF Editor with Free Writer and Tools

हुनाले नै ऊ पूजनीय र ठूलो छ। न्यायविरुद्ध गर्नेभए ऊ ईश्वर नै हुँदैन। जस्तै युक्ति विनानै बाटोमा वा अनुचित ठाउँमा वृक्ष लगाउने, काट्न नपर्नेलाई काट्ने, काट्न-उखेल्नु पर्नेलाई बढाउने, बढाउन पर्नेलाई नबढाउने गर्नाले माली दूषित हुन्छ, त्यस्तै कारण विनानै कार्य गर्नाले ईश्वरमाथि दोष लाग्नेछ। परमेश्वर स्वभावले नै पवित्र र न्यायकारी हुनाले उसले न्याययुक्त काम गर्न आवश्यक हुन्छ। बहुलाहा जस्तो भएर काम गरेमा यस जगत्का श्रेष्ठ न्यायधीशभन्दा पनि कम र प्रतिष्ठारहित हुनेछ। के यस जगत्मा उत्तम काम नगरी प्रतिष्ठा र दुष्टकाम नगरी दण्ड दिने व्यक्ति निन्दनीय र अप्रतिष्ठित हुँदैन र? ईश्वर अन्याय नगर्ने हुनाले नै ऊ कसैदेखि डराउँदैन।

**प्रश्न**—परमेश्वरले पहिल्यैदेखि जसलाई जति दिने वा जसो गर्ने विचार गरेको हुन्छ, त्यसलाई त्यति दिन्छ वा त्यस्तै नै गर्दछ, होइन र?

**उत्तर**—परमेश्वरको विचार अरू कुनै किसिमले नभई जीवका कर्मानुसार हुन्छ। जीवका कर्मानुसार नगरेर अरू कुनै किसिमले फल निर्धारण गरेमा ऊ आफैं अपराधी र अन्यायकारी हुन्छ।

**प्रश्न**—ठूला-साना सबैलाई एकैनास सुख-दुःख हुन्छ। ठूलालाई ठूलो चिन्ता र सानालाई सानै चिन्ता हुन्छ। जस्तै कुनै साहुकारको लाखौं रूपैयाँको विवाद राजाकहाँ भएमा ऊ गर्मीयाममा आफ्नो घरबाट डोलीमा बसेर बजार हुँदै न्यायलयतर्फ जान लागेको देखेर अज्ञानीहरू 'हेर पाप-पुण्यको फल, एउटा डोलीमा आनन्दपूर्वक बसेकोछ भने अरू चाहिं जुत्तापनि न लगाई तल-माथिबाट तातोमा पोलिदै डोलीमा उठाएर लगिरहेको छन्' भन्छन्। तर बुद्धिमान्हरू भने 'जति न्यायालय नजिक आउँदै जान्छ त्यति साहुकारलाई ठूलो शोक र शंका बढ्दै जान्छ र डोलेहरूलाई आनन्द आउँदै जान्छ' भन्ने कुरा बुझ्दै जान्छन्। न्यायालयमा पुगेपछि सेठजी यताउती डुल्छ र कहिले वकीलकहाँ र कहिले अन्त कतै चिनाजान भएको ठाउँमा भौंतारिन्छ। आज नजाने के हुनेछ? हार्नेछु? वा जित्नेछु? इत्यादि चिन्ताले उसलाई पिरोलिरहेको हुन्छ भने डोलेहरू चाहिं तमाखू तान्दै र प्रसन्नतापूर्वक कुराकानी गर्दै आनन्दमै निदाउँछन्। ऊ जित्यो भने त केही सुख उसलाई हुन्छ तर हार्‍यो भने त्यो दुःख सागरमा डुब्दछ, ती डोलेहरू भने जस्ताको त्यस्तै रहन्छन्। त्यस्तै राजालाई सुन्दर कोमल शय्यमा पनि छिटो निन्द्रा लाग्दैन भने मजदूर रोडा-ढुङ्गा माटो भएको खाल्डा-खुल्डी भएको ठाउँमा पल्टेर पनि तुरुन्तै निदाउँछ। यस्तै सबै ठाउँमा बुझ्नुपर्दछ।



**उत्तर**—यो अज्ञानीहरूको विचार हो। कुनै साहुकारसँग तिमी कहार=डोले बन भनेमा र डोलेसँग तिमी साहुकार बन भनेमा साहुकार कहिल्यै डोले बन्न चाहदैन भने डोले साहुकार बन्न चाहन्छन्। सुख-दुःख बराबर हुने भए दुबैमा कुनै पनि आ-आफ्नो अवस्था छोडेर निम्न र उच्च बन्न चाहने थिएनन्।

हेर, एउटा जीव विद्वान्, पुण्यात्मा, श्रीमान् राजाकी रानीको गर्भमा आउँछ भने अर्को महादरिद्र घाँसेको गर्भमा पुग्दछ। एउटालाई गर्भैदेखि प्रत्येक किसिमका सुख र अर्कालाई सबै किसिमका दुःख प्राप्त हुन्छन्। एउटा जन्मदा उसलाई सुगन्धियुक्त जल आदिद्वारा स्नान, युक्तिपूर्वक नाडीछेदन, दूध आदि पेय यथायोग्य प्राप्त हुन्छन्। उसले दूध पिउन चाहेमा यथेष्ट रूपमा मिश्री आदि मिसाएर दिइन्छ। उसलाई प्रसन्न राख्न नोकर-चाकर, खेलौना-सवारी, उत्तम स्थान, लाड़ आदि आनन्द हुन्छ भने अर्काको जन्म जङ्गलमा हुन्छ, स्नानका निम्ति पानी पनि फेलापर्दैन, दूध पिउन चाँहदा दूधको सट्टा थप्पड-घूंसा पाउँछ। अत्यन्त आर्तस्वरमा रुन्छ। कसैले वास्ता गर्दैन इत्यादि जीवलाई पापपुण्य विनानै सुख-दुःख हुने भए परमेश्वरमाथि दोष लाग्छ।

अर्को कुरा, कर्म नगरिकनै सुख दुःख हुने भए पछि स्वर्गनरक पनि हुनुभएन। किनकि यस जन्ममा परमेश्वरले कर्मै नगरी सुख-दुःख दिएजस्तै मरेपछि पनि ऊ आफूखुसी कसैलाई स्वर्ग र कसैलाई नरकमा पठाउने छ। त्यसो हुँदा सबै जीव अधर्मयुक्त हुनेछन्, किनकि धर्मको फल मिल्न सन्देह भएपछि धर्म किन पो गर्नेछन् र? परमेश्वरको हात छ, जस्तो उसलाई प्रसन्न हुने छ त्यस्तै गर्नेछ। अनि त पापकर्महरूप्रति भय नभएर संसारमा पाप वृद्धि र धर्म क्षय हुनेछ। यसकारण पूर्वजन्म पाप-पुण्य अनुसार वर्तमान जन्म र वर्तमान तथा पूर्वजन्मका कर्मानुसार भविष्यका जन्म हुन्छन्।

**प्रश्न**—मानिस र अरू पशु आदिका शरीरमा उस्तै जीव हुन्छ अथवा भिन्न भिन्न जातिका हुन्छत्?

**प्रश्न**—जीव त उस्तै हुन् तर पाप पुण्यका योग्यले मलिन र पवित्र हुन्छन्।

**प्रश्न**—मनुष्यको जीव पशु आदिको र पशु आदिको मनुष्य शरीरमा, त्यस्तै स्त्रीको जीव पुरुषमा पुरुषको स्त्री शरीरमा आउने जाने गर्दछ वा गर्दैन?

**उत्तर**—आउने जाने गर्दछ। पाप बढेर पुण्य कम भए पछि मनुष्यको



PDFill PDF Editor with Free Writer and Tools

जीवलाई पशु आदि निम्नशरीर र धर्म बढी, अधर्म कम हुँदा देव अर्थात् विद्वान्को शरीर प्राप्त हुन्छ। पाप–पुण्य बराबर हुँदा साधारण मनुष्यशरीर मिल्दछ। यिनमा पनि पुण्य–पाप उत्तम, मध्यम र निकृष्ट हुनाले मनुष्य आदिमा पनि उत्तम, मध्यम र निकृट शरीर आदि सामग्रीयुक्त हुन्छन्। बढी पापको फल पशु आदि शरीरमा भोगिसकेपछि पाप–पुण्य बराबर रहेपछि मनुष्य शरीरमा आउँछ र पुण्यको फल भोगेर फेरि पनि मध्यस्थ मनुष्यका शरीरमा आउँछ।

जब शरीरबाट जीव निस्कन्छ त्यसैको नाम **'मृत्यु'** र शरीरसँग संयोग हुनुनै **'जन्म'** हो। शरीर छोडेपछि यमालय अर्थात् आकाशका वायुमा रहन्छ। पछि धर्मराज अर्थात् परमेश्वर त्यसजीवका पाप पुण्य अनुसार जन्म दिन्छ। किनकि **'यमेन वायुना'** वेदमा यम नाम वायुको हो भन्ने लेखिएको छ। यो गरुडपुराणको काल्पनिक यम होइन। यसको विशेष खण्डन एघारौं समुल्लासमा लेखिनेछ।

त्यो जीव ईश्वरको प्रेरणाले अन्न, जल अथवा शरीरका छिद्रद्वारा अर्काका शरीरमा पस्तछ। प्रविष्ट भएर, क्रमशः वीर्यमा गएर गर्भमा स्थिर भएर धारण गरेर बाहिर आउँछ। स्त्रीको शरीरधारणयोग्य कर्मभए स्त्री र पुरुषको शरीरधारणयोग्य कर्म भए पुरुषको शरीरमा प्रवेश गर्दछ र गर्भका स्थितिको समय स्त्रीपुरुषको शरीरमा सम्बन्ध हुँदा रजवीर्य बराबर हुनाले नपुसंक हुन्छ।

जीवले उत्तम कर्म, उपासना, ज्ञानको अभ्यासद्वारा मुक्ति नपाएसम्म यसैगरी नाना किसिमका जन्म मरणमा परिरहन्छ। किनकि उत्तम कर्मादि गर्नाले मानिसहरूमा उत्तम जन्म र मुक्तिमा महाकल्प सम्म जन्म–मरण–दुःखरहित भएर आनन्दमा बस्तछ।

**प्रश्न**—मुक्ति एउटै जन्ममा हुन्छ वा अनेक जन्ममा?

**उत्तर**—अनेक जन्ममा। किनकि—

**भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः।**
**क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे पराऽवरे॥ १॥**

—मुण्डकोप० २। २। १८

जब यस जीवका हृदयको अविद्या, अज्ञानरूपी गाँठो फुस्कन्छ सबै संशय छिन्न भिन्न हुन्छन्? र दुष्टकर्महरूको क्षयहुन्छ तब आफ्नो आत्माको भित्र र बाहिर व्यापक त्यस परमात्मामा त्यो जीव निवास गर्दछ।

**प्रश्न**—मुक्तिमा जीव परमेश्वरमै मिल्दछ वा छुट्टै रहन्छ?



**उत्तर**—छुट्टै रहन्छ। किनकि जीव ईश्वरमा मिल्ने भए मुक्तिको सुख कसले भोग्ने? र मुक्तिका सबै साधन निष्फल हुन्छन्। त्यसो हुनेभए त्यसलाई त मुक्ति होइन जीवको प्रलय सम्झनुपर्दछ। परमेश्वरको आज्ञापालन, उत्तम कर्म, सत्सङ्ग, योगाभ्यास आदि पूर्वोक्त सबै साधान गर्ने जीवले नै मुक्ति पाउँछ।

**सत्यं ज्ञानमनन्तं ब्रह्म यो वेद निहितं गुहायां परमे व्योमन्।**
**सोऽश्नुते सर्वान् कमान् सह ब्रह्मणा विपश्चितेति॥**

—तैत्तिरीय उप० आनन्दवल्ली अनु० १। खं० १

आफ्नो बुद्धि र आत्मामा स्थित सत्य ज्ञान र अनन्त आनन्दस्वरूप परमात्मालाई जान्ने जीवात्मा त्यस व्यापक ब्रह्ममा स्थित भएर त्यस **'विपश्चित्'** अनन्तविद्यायुक्त ब्रह्मसँग सबै कामनाहरू प्राप्त गर्दछ। अर्थात् जुन–जुन आनन्दको कामना गर्दछ, त्यसैलाई प्राप्त गर्दछ। यसैलाई मुक्ति भनिन्छ।

**प्रश्न**—शरीर, विना सांसारिक सुख भोग्न नसकिने जस्तै मुक्तिमा शरीर विना आनन्द भोग्न कसरी सकिन्छ र?

**उत्तर**—यसको समाधान अघि भनिसकिएको छ, यति अरू सुन–शरीरको आधारमा सांसारिक सुख भोगेजस्तै जीवात्मा परमेश्वरको आधारमा मुक्ति आनन्द भोग्दछ। त्यो मुक्त जीव अनन्त व्यापक ब्रह्ममा स्वच्छन्द घुम्दछ, शुद्ध ज्ञानद्वारा सम्पूर्ण सृष्टि देख्तछ, अरू मुक्तहरूसँग भेटघाट गर्छ, सृष्टिविद्यालाई क्रमपूर्वक हेर्दै सबै लोक–लोकान्तरहरूमा अर्थात् यी देखिने र नदेखिने सबैलोकमा घुम्दछ। सबै पदार्थ उसका ज्ञान अगाडि हुन्छन् र ऊ ती सबैलाई देख्तछ ज्ञान जति बढि हुन्छ, उसलाई त्यतिनै बढी आनन्द हुन्छ। मुक्तिमा जीवात्मा निर्मल हुनाले पूर्ण ज्ञानी भएर उसलाई सबै सन्निहित पदार्थहरूको भान यथावत् हुन्छ।

यही सुखविशेष स्वर्ग हो भने विषय–तृष्णामा फसेर दुःखविशेष भोग्नु नरक हो। **'स्वः'** सुखलाई भनिन्छ। **'स्वः' सुखं गच्छति यस्मिन् स स्वर्गः' 'अतो विपरीतो दुःखभोगे नरक इति'** सांसारिक सुखनै सामान्य स्वर्ग र परमेश्वर प्राप्तबाट हुने आनन्दनै विशेष स्वर्ग हो।

सबै जीव स्वभावले नै सुख प्राप्त गर्ने र दुःखदेखि छुट्ने इच्छा गर्दछन् तर धर्म नगरी र पाप नछोडी तिनले सुख पाउन र दुःख छुटाउन सक्तैनन्। किनकि सुखदुःखको मूलकारण कहिल्यै नष्ट हुँदैन। जस्तै **'छिन्न मूले वृक्षो नश्यति, तथा पापे क्षौणे दुःखं नश्यति।'** जरा



PDFill PDF Editor with Free Writer and Tools

काटिनाले वृक्ष नष्ट भए जस्तै पाप छोड्नाले दुःख नष्ट हुन्छ। हेर, मनुस्मृति पाप र पुण्यका धेरै प्रकारका गति बताइएको छ—

**मानसं मनसैवायमुपभुङ्क्ते शुभाऽशुभम्।**
**वाचा वाचा कृतंकर्म कायेनैव च कायिकम्॥ १॥**
**शरीरजैः कर्मदोषैर्याति स्थावरतां नरः।**
**वाचिकैः पक्षिमृगतां मानसैरन्त्यजातिताम्॥ २॥**
**यो यदैषां गुणो देहे साकल्येनातिरिच्यते।**
**स तदा तद्गुणप्रायं तं करोति शरीररणम्॥ ३॥**
**सत्त्वं ज्ञानं तमोऽज्ञान रागद्वेषौ रजःस्मृतम्।**
**एतद् व्याप्तिमदेतेषां सर्वभूताश्रितं वपुः॥ ४॥**
**तत्र यत्प्रीतिसंयुक्तं किञ्चिदात्मनि लक्षयेत्।**
**प्रशान्तमिव शुद्धाभं सत्त्वं तदुपधारयेत्॥ ५॥**
**यत्तु दुःखसमायुक्तमप्रीतिकरमात्मनः।**
**तद्रजोऽप्रतिपं विद्यात्सततं हारि देहिनाम्॥ ६॥**
**यत्तु स्यान्मोहसंयुक्तमव्यक्तं विषयात्मकम्।**
**अप्रतर्क्यमविज्ञेयं सतस्तदुपधारयेत्॥ ७॥**
**त्रयाणामपि चैतेषां गुणानां यः फलोदयः।**
**अग्रयो मध्यो जघन्यश्च तं प्रवक्ष्याम्यशेषतः॥ ८॥**
**वेदाभ्यासस्तपो ज्ञानं शौचमिन्द्रियनिग्रहः।**
**धर्मक्रियात्मचिन्ता च सात्त्विकं गुणलक्षणम्॥ ९॥**
**आरभ्भरुचिताऽधैर्य्यमसत्कार्यपरिग्रहः।**
**विषयोपसेवा चाजस्त्रं राजसं गुणलक्षणम्॥ १०॥**
**लोभः स्वप्नोऽधृतिः क्रौर्यं नास्तिक्यं भिन्नवृत्तिता।**
**याचिष्णुता प्रमादश्च तामसं गुणलक्षणम्॥ ११॥**
**यत्कर्म कृत्वा कुर्वंश्च करिष्यंश्चैव लज्जति।**
**तज्ज्ञेयं विदुषा सर्वं तामसं गुणलक्षणम्॥ १२॥**
**येनास्मिन्कर्मणा लोके ख्यातिमिच्छति पुष्कलाम्।**
**न च शोचत्यसम्पत्तौ तद्विज्ञेयं तु राजसम्॥ १३॥**
**यत्सर्वेणेच्छति ज्ञातुं यन्न लज्जति चाचरन्।**
**येन तुष्यति चात्मास्य तत्सत्त्वगुणलक्षणम्॥ १४॥**
**तमसो लक्षणं कामो रजसस्त्वर्थ उच्यते।**
**सत्त्वस्य लक्षणं धर्मः श्रेष्ठ्यमेषां यथोत्तरम्॥ १५॥**

—मनुस्मृति अ० १२। श्लोक ८, ९, २५–३३, ३५–३८



मानिसले आफ्नो श्रेष्ठ, मध्य र निकृष्ट स्वभावलाई जानेर उत्तम स्वभाव ग्रहण र मध्य तथा निकृष्ट त्याग गर्नुपर्दछ। साथै जीवले मन, वाणी र शरीरले गरेका शुभ वा अशुभ कर्म फल सुख वा दुःख तिनै मन, वाणी र शरीरले भोग्नुपर्दछ भन्ने हेक्का राख्नुपर्दछ॥ १॥

शरीरबाट चोरी, परस्त्रीगमन, श्रेष्ठ व्यक्तिलाई मार्नु आदि दुष्टकर्म गर्ने व्यक्तिलाई वृक्ष आदि स्थावरको जन्म, वाणीबाट गरिएका पापकर्मले पक्षी र पशु आदि तथा मनबाट गरिएका दुष्टकर्मबाट चांडाल आदिको शरीर प्राप्त हुन्छ॥ २॥

जुन गुण यी जीवका शरीरमा बढी रहन्छ त्यो गुण त्यस जीवलाई आफू जस्तै बनाइदिन्छ॥ ३॥

आत्मामा ज्ञान हुँदा सत्त्व, अज्ञान हुँदा तम र आत्मा रागद्वेषमा लाग्दा रजोगुण जान्नुपर्दछ। प्रकृतिका यी तीन गुण संसारका सबै पदार्थमा व्याप्त भएर रहन्छन्॥ ४॥

यसको विवेचन यसरी हुन्छ—आत्मामा प्रसन्नता र मनले पनि प्रसन्न भएर पूर्णतः शान्त जस्तै शुद्ध भान हुने गरी व्यवहार गरेमा सत्त्वगुण प्रधान र रजोगुण, तमोगुण अप्रधान भएका कुरा बुझ्नुपर्दछ॥ ५॥

आत्मा र मन दुःखसंयुक्त, प्रसन्नतारहित भएर विषयहरूमा यताउति आउने–जाने गरेमा रजोगुण प्रधान तथा सत्त्वगुण, तमोगुण गौण भएको बुझ्नुपर्दछ॥ ६॥

आत्मा र मन मोहमा अर्थात् सांसारिक पदार्थहरूमा फसेको, विवेकरहित, विषय भोगमा आसक्त, तर्क वितर्करहित, जान्न योग्य नरहेको भए आफूमा तमोगुण प्रधान र सत्त्वगुण, रजोगुण, अप्रधान भएको कुरा निश्चित बुझ्नुपर्दछ॥ ७।

अब यी तिनै गुण उत्तम, मध्यम र निकृष्ट फल प्राप्त हुने प्रकार सम्पूर्ण रूपमा भनिन्छ॥ ८॥

वेद अभ्यास, धर्म अनुष्ठान, ज्ञान वृद्धि, पवित्रता इच्छा, इन्द्रियनिग्रह, धर्मक्रिया र आत्मा चिन्तन हुनु नै सत्त्वगुण भएको लक्षण हो॥ ९॥

सत्त्वगुण र तमोगुणको अन्तर्भाव भएर रजोगुणको उदय हुँदा आरम्भमा रुचिता, धैर्यत्याग, असत्कर्महरू ग्रहण र निरन्तर विषयहरूका सेवामा प्रीति हुन्छ। यस्तो हुँदा आफूमा प्रमुख रूपमा रजोगुण रहेको कुरा बुझ्नुपर्दछ॥ १०॥

तमोगुण उदय भएर सत्त्वगुण, रजोगुण अन्तर्भाव भएमा भने धेरै



PDFill PDF Editor with Free Writer and Tools

लोभ लाग्नु अर्थात् सबै पापकर्म मूल बढ्नु, धेरै आलस्य र निद्रा, धैर्यको नाश, क्रूरता हुनु, नास्तिक्य=वेद र ईश्वरमा श्रद्धा नहुनु, अन्तःकरणका वृत्तिहरू भिन्न भिन्न हुनु, एकाग्रता अभाव हुनु, जोसुकैसँग पनि याचना=मांग्नु, प्रमाद=मद्यपान आदि दुर्व्यसनमा फस्नु आदि भएमा आफूभित्र तमोगुण बढेको जान्नुपर्दछ॥ ११ ॥

आफ्नो आत्माले गरेको, गर्दैगरेको र गर्ने इच्छा गरेको कर्ममा लाज, शङ्का र भय भएमा आफूभित्र तमोगुण अत्यन्त बढेको सम्झनुपर्दछ। विद्वान्हरूबाट जान्न योग्य तमोगुणको लक्षण यही हो॥ १२ ॥

आफ्ना प्रत्येक कर्मद्वारा जीवात्माले प्रशस्त प्रसिद्धि चाहेमा र दरिद्रता हुँदाहुँदै पनि चारण, भाट आदिलाई दान दिन नछोड आफूभित्र रजोगुण प्रबल भएको जान्नुपर्दछ॥ १३ ॥

मानिसका आत्माले सबैबाट ज्ञान लिन चाहेमा, गुणहरूलाई ग्रहण गर्दै गएमा, सत्यकर्म गर्न लाज नभएमा र आत्मा प्रसन्न हुने किसिमका धर्माचरणमानै रुचि भएमा आफूभित्र सत्त्वगुण प्रबल भएको बुझ्नुपर्दछ॥ १४ ॥

तमोगुणको लक्षण काम, रजोगुणको लक्षण धनसंग्रहको इच्छा सत्त्वगुणको लक्षण धर्माचरण हो र यिनमा तमोगुणभन्दा रजोगुण ररजोगुणभन्दा सत्त्वगुण श्रेष्ठ हुन्छ॥ १५ ॥

अब जुन जुन गुणबाट जीवले जे जस्तो गति प्राप्ति गर्दछ त्यो लेखिन्छ—

**देवत्तवं सात्त्विका यान्ति मनुष्यत्त्वञ्च राजसाः।**
**तिर्यक्त्वं तामसा नित्यमित्येषा त्रिविध गतिः॥ १ ॥**
**स्थावराः कृमिकीटाश्च मत्स्याः सर्पाश्च कच्छपाः।**
**पशवश्च मृगश्चैव जघन्या तामसी गतिः॥ २ ॥**
**हस्तिनश्च तुरङ्गाश्च शूद्रा म्लेच्छाश्च गर्हिताः।**
**सिंहा व्याघ्रा वराहाश्च मध्यमा तामसी गतिः॥ ३ ॥**
**चारणाश्च सुपर्णाश्च पुरुषाश्चैव दाम्भिकाः।**
**रक्षांसि च पिशाचाश्च तामसीषूत्तमा गति॥ ४ ॥**
**झल्ला मल्ला नटाश्चैव पुरुषाः शस्त्रवृत्तयः।**
**द्यूतपानप्रसक्ताश्च जघन्या राजसी गतिः॥ ५ ॥**
**राजानः क्षत्रियाश्चैव राज्ञां चैव पुरोहिताः।**
**वादयुद्धप्रधानाश्च मध्यमा राजसी गतिः॥ ६ ॥**



**गन्धर्वा गुह्यका यक्षा विबुधानुचराश्च ये।**
**तथैवाप्सरसः सर्वा राजसीषूत्तम गतिः॥ ७ ॥**
**तापसा यतयो विप्रा ये च वैमानिका गुणाः।**
**नक्षत्राणि च दैत्याश्च प्रथमा सात्त्विकी गतिः॥ ८ ॥**
**यज्वान ऋषयो देवा वेदा ज्योतींषि वत्सराः।**
**पितरश्चैव साध्याश्च द्वितीय सात्विकी गतिः॥ ९ ॥**
**ब्रह्म विश्वसृजो धर्म्मो महानव्यक्तमेव च।**
**उत्तमां सात्त्विकीमेतां गतिमाहुर्मनीषिणः॥ १० ॥**
**इन्द्रियाणां प्रसङ्गेन धर्मस्यासेवनेन च।**
**पापन्संयान्ति संसारानविद्वांसो नराधमाः॥ ११ ॥**

सात्त्विकी मानिस देव अर्थात् विद्वान्, रजोगुणी व्यक्ति मध्यम मनुष्य र तमोगुणी व्यक्ति नीच गति प्राप्त गर्दछन्॥ १ ॥

अत्यन्त तमोगुणी व्यक्ति स्थावर वृक्ष आदि कीरा–फट्यांग्रा, माछा, सर्प, कछुआ, पशु र मृग आदि जन्म पाउँछन्॥ २ ॥

मध्यम तमोगुणीहरू हात्ती, घोडा, शूद्र, म्लेच्छ, निन्दितकर्म गर्ने सिंह, व्याघ्र, बराह अर्थात् सुँगुरको जन्म पाउँछन्॥ ३ ॥

उत्तम तमोगुणी व्यक्ति चारण=कविता आदि द्वारा मानिसको प्रशंसा गर्नु, सुन्दर पक्षी, दांभिक=आफ्नो प्रशंसा आफैं गर्ने व्यक्ति, राक्षस= हिंसक, पिशाच=अनाचारी, मद्य आदि आहार लिने र मलिन रहने, हुन्छन्। यस्ता गुणयुक्त हुनु उत्तम तमोगुणको फल हो॥ ४ ॥

निकृष्ट रजोगुणी व्यक्ति झल्ला=तरवार आदिले मार्ने वा कोदालो आदिले खन्ने, मल्ला=नाउ चलाउने माझी आदि, नट=बाँस आदिमा उफ्रने, चढ्ने, उत्रने, आदि कला गर्ने, शास्त्रधारी नोकर र मद्य पिउनमा आसक्त हुन्छन्, यस्तो जन्म निकृष्ट रजोगुणको फल हो॥ ५ ॥

मध्यम रजोगुणी व्यक्ति राजा, क्षत्रियवर्ण राजाका पुरोहित, वाद–विवाद गर्ने, दूत, वकील, युद्ध विभागको अध्यक्ष आदिको जन्म पाउँछन्॥ ६ ॥

उत्तम रजोगुणी व्यक्ति गन्धर्व=गाउने, गुह्यक=बजाउने, यक्ष= धनाढ्य, विद्वान्हरूका सेवक र अप्सरा=उत्तमरूप भएकी स्त्रीको जन्म पाउँछन्॥ ७ ॥

तपस्वी, यति, संन्यासी, वेदपाठी, बिमान चालक, ज्योतिषी र दैत्य=शरीरपोषक मानिसलाई प्रथम सत्त्वगुणका कर्मको फल हो भन्ने सम्झनुपर्दछ॥ ८ ॥

मध्यम सत्त्वगुणयुक्त भएर कर्म गर्ने जीव भने यज्ञकर्ता, वेदार्थ



PDFill PDF Editor with Free Writer and Tools

जान्ने, विद्वान्, वेद, विद्युत् आदि र कालविद्याका ज्ञाता, रक्षक, ज्ञानी र साध्य=कार्यसिद्धिका निम्ति सेवन गर्न योग्य अध्यापक आदिको जन्म पाउँछन् ॥ ९ ॥

वेत्ता, विश्वासृज्=सबै सृष्टिक्रम विद्या जानेर विविध विमान आदि यान बनाउने, धार्मिक, सर्वोत्तम बुद्धि भएका र अव्यक्तको जन्म र प्रकृतिवशित्व सिद्धि प्राप्त गर्दछन् ॥ १० ॥

इन्द्रिय वशमा भएर विषयी, धर्मलाई छोडेर अधर्म गर्ने अविद्वान् व्यक्ति मनुष्यहरूमा नीच र खराब–खराब दुःख भोग्ने जन्म पाउँछन् ॥ ११ ॥

यसै गरी सत्व, रज र तमोगुणका बेगले जीव जुन–जुन किसिमको कर्म गर्दछ त्यस–त्यस गुणको त्यसै किसिमको फल प्राप्त गर्दछ।

मुक्त जीव भने गुणातीत अर्थात् कुनै गुणको स्वभावमा न फसेर महायोगी भएर मुक्तको साधन गर्दछ। किनकि—

**योगश्चित्तवृत्तिनिरोधः ॥ १ ॥**

**तद द्रष्टुः स्वरूपेऽवस्थानम् ॥ २ ॥**

यो पातञ्जल योगशास्त्रका सूत्र (१। २, ३) हुन। मानिसले रजोगुण, तमोगुणयुक्त कर्मबाट मनलाई रोकेर, शुद्ध सत्वगुणयुक्त कर्मबाट पनि मनलाई रोकेर, शुद्ध सत्त्वगुणयुक्त भएर अनि त्यसको निरोध गरेर, एकाग्र अर्थात् एक परमात्मा र धर्मयुक्त कर्म अगाडि चित्तलाई रोकिराख्नु निरुद्ध अर्थात् सबै तर्फबाट मनको वृत्तिलाई रोक्नुपर्दछ ॥ १ ॥

चित्त एकाग्र र निरुद्ध भएपछि सबैको द्रष्टा ईश्वरको स्वरूपमा जीवात्माको स्थिति हुन्छ ॥ २ ॥ इत्यादि साधन मुक्तिको लागि गर्नुपर्दछ। र—

**अथ त्रिविध दुःखात्यन्तनिवृत्तिरत्यन्तपुरुषार्थः ॥**

यो सांख्यको सूत्र (१। १) हो। आध्यात्मिक=शरीरसम्बन्धी पीडा, आधिभौतिक=अन्य प्राणिहरूबाट दुःखी हुनु, आधिदैविक=अतिवृष्टि, अतिताप, अतिशीत, मन, इन्द्रिय चञ्चलताबाट हुनेगरी त्रिविध=तीन किसिमका दुःखलाई छुटाएर मुक्ति पाउनु नै अत्यन्त पुरुषार्थ हो। यस पछि आचार–अनाचार र भक्ष्य–अभक्ष्य विषय लेखिनेछ।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते विद्याऽविद्याबन्धमोक्षविषये नवमः समुल्लासः सम्पूर्णः ॥ ९ ॥**



# अथदशम–समुल्लासः

**अथाऽऽचाराऽनाचारभक्ष्याऽभक्ष्यविषयान्व्याख्यास्यामः**

अब आचार=धर्मयुक्त कामको आचरण, सुशीलता, सत्पुरुषहरूको संगत, सद्विद्या ग्रहण गर्न रुचि आदि र यस विपरीत=अनाचार वारेमा लेखिन्छ—

**विद्वद्भिः सेवितः सद्भिर्नित्यमद्वेषरागिभिः।**
**हृदयेनाभ्यनुज्ञातो यो धर्मस्तन्निबोधत ॥ १ ॥**
**कामात्मता न प्रशस्ता न चैवेहास्त्यकामता।**
**काम्यो हि वेदाधिगमः कर्मयोगश्च वेदिकः ॥ २ ॥**
**सङ्कल्पमूलः कामो वै यज्ञाः सङ्कल्पसम्भवाः।**
**व्रतानि यमधर्माश्च सर्वे सङ्कल्पजाः स्मृताः ॥ ३ ॥**
**अकामस्य क्रिया काचित् दृश्यते नेह कर्हिचित्।**
**यद्यद्धि कुरुते किञ्चित् तत्तत्कामस्य चेष्टितम् ॥ ४ ॥**
**वेदोऽखिलो धर्ममुलं स्मृतिशील च तद्विदाम्।**
**आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ॥ ५ ॥**
**सर्वन्तु समवेक्ष्येदं निखिलं ज्ञानचक्षुषा।**
**श्रुतिप्रामाण्यतो विद्वान् स्वधर्मे निविशेत वै ॥ ६ ॥**
**श्रुतिस्मृत्युदितं धर्ममनुतिष्ठन् हि मानवः।**
**इह कीर्तिमवाप्नोति प्रेत्य चानुत्तमं सुखम् ॥ ७ ॥**
**श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः।**
**ते सर्वार्थेष्वमीमांस्ये ताभ्यां धर्मो हि निर्बभौ ॥ ८ ॥**
**योऽवमन्यते ते मूले हेतुशास्त्राश्रयाद् द्विजः।**
**स साधुभिर्बहिष्कार्यो नास्तिको वेदनिन्दकः ॥ ९ ॥**
**वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः।**
**एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥ १० ॥**
**अर्थकामेष्वसक्तानां धर्मज्ञानं विधीयते।**
**धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः ॥ ११ ॥**
**वैदिकैः कर्मभिः पुण्यैर्निषेकादिर्द्विजन्मनाम्।**
**कार्यः शरीरसंस्कारः पावनः प्रेत्य चेह च ॥ १२ ॥**



PDFill PDF Editor with Free Writer and Tools